प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

# ग्रामीण साना कृषि उद्यम विकास कार्यक्रम संचालन मापदण्ड, २०७७

(मन्त्रीस्तरबाट स्वीकृत मिति २०७७।०६।११)

**प्रस्तावनाः** कृषि उपजहरुमा आधारित साना उद्यमहरुको विकास गरी ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना गर्ने र बाली उत्पादन उपरान्त हुने क्षतिलाई समेत न्यूनीकरण गरी प्रशोधित र स्वस्थकर खाद्य पदार्थ उपभोक्ताहरुलाई उपलब्ध गराउनको लागि ग्रामीण साना कृषि उद्यम विकास कार्यक्रम संचालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

## १. प्राविधिक पक्ष

(क) कार्यक्रम संचालन गर्न कृषि फर्म/कम्पनी, कृषक समूह तथा सहकारी संस्थाले प्रस्ताव पेश गर्न सक्नेछन।

(ख) कृषि उपजको उपयुक्त प्रशोधन विधि अपनाई ग्रेडिङ, प्याकेजिङ र लेबलिङ जस्ता मूल्य अभिवृद्धि गर्ने क्रियाकलापहरु संचालन गर्नुपर्नेछ।

(ग) प्रशोधित उपजको न्यूनतम गुणस्तर तथा प्रशोधन प्रविधि सम्बन्धित निकायले तोके अनुसार हुनेछ।

(घ) संचालन गर्न सकिने कार्यहरुः

(अ) गोलभेडाको सस र केचप बनाउने,

(आ) फलफूलको रस, जाम र जेल्ली तयार गर्ने, सुकाएर प्याकिङ लेबलिङ गर्ने,

(इ) विभिन्न किसिमका अचारहरु तयार गर्ने,

(ई) कोदो, मकै, फापर, गहुँ आदिको पिठो तथा च्याख्ला तयार गरी प्याकेजिङ, लेबलिङ गर्ने,

(उ) दलहन बालीको प्रशोधन, प्याकिङ, लेबलिङ गर्ने,

(ऊ) बेसार, अदुवा, तेजपात, अलैंची आदिको धूलो, सुठो र सुख्खा प्याकिङ, लेबलिङ गर्ने,

(ऋ) ढिकीमा कुटेको चामल, बास्नादार चामल तयार गरी प्याकिङ, लेबलिङ गर्ने ,

(ए) च्याउ सुकाएर वा ताजा प्याकिङ, लेबलिङ गर्ने,

(ऐ) निहुरो, तामा, टुसाको प्रशोधन, प्याकिङ, लेबलिङ गर्ने,

(ओ) चिया, कफीको प्रशोधन, प्याकिङ, लेबलिङ गर्ने,

(औ) विभिन्न अन्नबाली र दलहनको मिश्रण गरी तयार गरिएको सर्वोतम पिठो तयार गरी प्याकिङ, लेबलिङ गर्ने,

(अं) कृषि उपजको उपयुक्त प्रशोधन विधि अपनाई ग्रेडिङ, प्याकिङ्ग र लेबलिङ जस्ता मूल्य अभिवृद्धि गर्ने अन्य क्रियाकलापहरु,

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

२. **आर्थिक पक्षः** स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही देहायका मध्ये कुनै एक वा एक भन्दा बढी कार्यको लागि कुल लागतको बढीमा ५० प्रतिशतसम्म अनुदान उपलव्ध गराईनेछ ।

(क) कृषि उद्यमको लागि आवश्यक पर्ने साना तथा मझौला मेसिनरी औजार र पूर्वाधार निर्माण (प्रशोधन केन्द्र, भण्डारण कक्ष)

(ख) प्रशोधन, प्याकेजिङ, लेबलिङ र बजारीकरण।

**३. प्रस्ताव मूल्याङ्कनका आधारहरु**

| क्र.सं. | मूल्याङ्कनका आधार | अङ्क भार |
|---|---|---|
| १ | **कच्चा पदार्थको उपलब्धता** | **३०** |
| (क) | आफैले उत्पादन गर्ने वा स्थानीय स्तरमा उत्पादन हुने | ३० |
| (ख) | प्रदेशको अन्य क्षेत्रबाट ढुवानी गरी ल्याउनु पर्ने | २० |
| (ग) | प्रदेश बाहिरबाट ढुवानी गरी ल्याउनु पर्ने | १० |
| २ | **प्रत्यक्ष रोजगारी सिर्जना** | **२०** |
| (क) | ५ जना भन्दा बढी | २० |
| (ख) | ३ देखि ५ जना | १५ |
| (ग) | ३ जना भन्दा कम | १० |
| ३ | **उत्पादित हुने वस्तुको बजार** | **१०** |
| (क) | बजारको सुनिश्चितता भएको | १० |
| (ख) | बजार खोज्नुपर्ने | ५ |
| ४ | **उद्यमको स्थिती** | **१०** |
| (क) | नयाँ स्थापना | १० |
| (ख) | पुरानो उद्यमको क्षमता विस्तार | ५ |
| ५ | **उद्यमको स्वमित्व** | **१०** |
| (क) | कृषक समूह वा सहकारी संस्था | १० |
| (ख) | कृषक,निजी फर्म वा कम्पनी | ५ |
| ६ | **अनुदानको अवस्था** | **१०** |
| (क) | हालसम्म कुनैपनि अनुदान प्राप्त नगरेको | १० |
| (ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | ७ |
| (ग) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेता पनि व्यवसाय/क्षेत्र विस्तारका लागि प्रस्ताव पेश गरेको । | ४ |
| ७ | **व्यवसायिक योजना सम्बन्धी प्रस्ताव** (नविनतम सोच, दिगोपना, बजार योजना लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अंक सम्म प्रदान गर्न सक्ने) | **१०** |
| | **जम्मा** | **१००** |

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

**४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरु:**

(क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) समूह/सहकारी संस्थाको हकमा बैठक निर्णय प्रतिलिपि।

(ग) प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करार/ लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम १० वर्षको करार सम्झौताको प्रतिलिपि।

**५. प्रस्तावको ढाँचा:**

क. आवेदकको संक्षिप्त परिचय

| | |
|---|---|
| आवेदक संस्थाको नामः | ठेगानाः |
| कार्यक्रम संचालन गरिने स्थानको ठेगानाः | प्रोपाईटर/अध्यक्षको नामः<br><br>सम्पर्क नः |
| सम्पर्क व्यक्तिः<br><br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्याः |

ख. सम्बन्धित व्यवसाय सम्बन्धी विवरण

| क्र.सं. | कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुको नाम | हाल खेती गरिरहेको क्षेत्रफल | हालको कच्चा पदार्थको उत्पादन परिमाण | प्रशोधित उपजको अनुमानित उत्पादन परिमाण | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

ग. कुल रोजगारी सिर्जनाः

घ. संचालन हुने क्रियाकलापहरुः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

| क.सं. | क्रियाकलाप विवरण | एकाइ | परिमाण | दर | जम्मा लागत | कार्यालयको अनुदान | प्रस्तावकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | लागत साझेदारीमा संचालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| २ | आफ्नै लगानीमा संचालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

ङ. माग गरेको जम्मा अनुदान रकमः

च. अन्य व्यवसायिक योजनाः

- नविनतम सोच (व्यवसाय सम्बन्धी कुनै नयाँ सोच/प्रविधि अपनाउने भए उल्लेख गर्नुहोस)

- बजार योजना (उपजको बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ?)

छ. अन्य विषय केही भए उल्लेख गर्नुहोस्